# राष्ट्रिय मानवअधिकार आयोग

हरिहरभवन, ललितपुर

## राष्ट्रिय मानवअधिकार आयोगले
## धनुषा जिल्लाको गोदार गाविसमा गरेको शवोत्खननको
## प्रारम्भिक सङ्क्षिप्त प्रतिवेदन

२०६७ असोज ३ गते, जनकपुर

### पृष्ठभूमी

१. धनुषा जिल्ला जनकपुर नगरपालिका वडा नं. १० बस्ने संजीवकुमार कर्ण, दुर्गेश लाभ, ऐ वडा न.४ बस्ने जितेन्द्र झा, ऐ कुर्था गाविस-१ बस्ने प्रमोद नारायण मण्डल र ऐ दुहबी गाविस-७ बस्ने शैलेन्द्र यादवलाई मिति २०६०।६।२१ गते जनकपुर नगरपालिका वडा नं.४ को विश्वकर्मा चोकस्थित कटैयाचौरीबाट सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारिएको भन्ने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी परेको थियो । सो सम्बन्धमा आयोगबाट भएको अनुसन्धानबाट प्राप्त प्रमाणहरुको आधारमा निजहरुलाई सुरक्षाकर्मीले पक्राउ गरी गैरन्यायिक हत्या गरेको ठहर गरी मिति २०६४/१०/१५ गते दोषीलाई कारवाही गर्न र पीडितका परिवारलाई क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गरिएको थियो ।

२. सो सम्बन्धमा बेपत्ता पारिएका उक्त ५ जना युवाहरुको शव धनुषा जिल्लाको तल्लो गोदार गाविस वडा नं.३ स्थित कमला नदीको किनारमा गाडिएको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनको आधारमा राष्ट्रिय मानव अधिकार आयोगको मिति २०६७/४/२७ को निर्णयबाट उल्लेखित व्यक्तिहरुको शव गाडिएको आशंकित स्थानबाट शवोत्खनन् गर्न नेपाल प्रहरीलाई निर्देशन दिने र आयोगबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञहरुको सहयोग लिने निर्णय गरी नेपाल सरकार गृह मन्त्रालयलाई पत्राचार गरिएको थियो । यसै सम्बन्धमा आयोगका अध्यक्षद्वारा सम्बन्धित निकायलाई समन्वय एवम् सहकार्यको लागि आवश्यक निर्देशन दिन नेपाल सरकारका प्रधानमन्त्रीलाई पत्राचार गरिएको थियो ।

३. सो सम्बन्धमा नेपाल सरकारका गृहमन्त्री, महान्यायधिवक्ता, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका मुख्य सचिव, गृह मन्त्रालयका सचिव, कानून मन्त्रालयका सचिव एवं नेपाल प्रहरीका प्रहरी महानिरीक्षक समेतसंग आयोगमा बैठक बसी शवोत्खनन् कार्य गर्ने विषयमा छलफल गरिएको थियो ।

४. मानव अधिकार क्षेत्रमा कार्य गर्ने विभिन्न संस्थाका प्रतिनिधिहरुलाई आयोगमा निमन्त्रणा गरी शवोत्खननमा सहयोग र सहकार्यको बारेमा छलफल गरिएको थियो ।

५. आयोगका अधिकृत एवंम् विषेशज्ञको टोलीले मिति २०६७ असारमा शंकास्पद स्थानको अवलोकन एवंम् सम्भाव्यता अध्ययन गर्ने कार्य गरेको थियो ।

### टोलीको गठन एवं प्रारम्भिक तयारी

६. आयोगले शवोत्खनन् कार्यको लागि आयोगका माननीय सदस्य गौरी प्रधानको संयोजकत्वमा विशेषज्ञ समेत रहेको १८ सदस्यीय टोली गठन गरेको थियो । उक्त टोलीमा फिनल्याण्डबाट आयोगको निमन्त्रणमा आउनु भएका फरेन्सिक विशेषज्ञ दुई जना, आयोगको अनुसन्धान कार्यमा सहयोग गर्न जर्मन विकास संस्था (DeD) बाट उपलब्ध गराइएका विशेषज्ञ, महाराजगञ्ज क्याम्पस फरेन्सिक

मेडिशिन विभागका विशेषज्ञहरु, पुरातत्व विभागका विशेषज्ञ, राष्ट्रिय फरेन्सिक प्रयोगशालाका विशेषज्ञ, मानव अधिकार आयोगका पूर्व सदस्य तथा नागरिक समाजका प्रतिनीधि, राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (OHCHR) का प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरु रहनुभएको छ ।

७. यसै अन्तर्गत प्राविधिक र व्यवस्थापन एवम् समन्वय टोली रहेको थियो भने आपतकालीन सहयोगी टोली आयोगको केन्द्रीय कार्यालय हरिहर भवन ललितपुरमा रहने गरी गठन गरिएको थियो ।

८. शवोत्खनन् गर्नुअघि आयोगको जनकपुर क्षेत्रिय कार्यालयबाट एन्टीमोर्टम फारम भर्ने तथा पीडित परिवारलाई मनोविमर्श प्रदान गर्ने कार्य गरिएको थियो । शवोत्खननको बारेमा पिडित परिवारलाई जानकारी गराई सहमति समेत लिने कार्य गरिएको थियो ।

९. आयोगबाट शवोत्खनन् कार्य थाल्नु अगाडि सार्वजनिक जानकारीको लागि प्रेस वक्तव्य जारी गरिएको थियो ।

१०. शवोत्खनन् कार्यमा गठन गरिएको प्राविधिक टोलीलाई घटनाको पृष्ठभूमी एवं शव गाडिएको शंका गरिएको स्थानको बस्तुस्थितिको बारेमा जानकारी गराइएको थियो ।

११. आयोगको टोलीले धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी, अञ्चल प्रहरी कार्यलय धनुषाका प्रमुख, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एवं प्रहरी कर्मचारीहरुसंग बैठक गरी शवोत्खननको बारेमा छलफल गरेको थियो । यसक्रममा जिल्ला सरकारी वकीलको कार्यालय धनुषा समेतसंग समन्वय गरिएको छ ।

१२. शवोत्खनन् कार्यको अनुगमन गर्न केन्द्र र स्थानीय स्तरबाट आउनु भएका संविधानसभाका सभासद, मानव अधिकार रक्षकहरु, पत्रकार र राजनीतिक दलका प्रतिनीधिहरुलाई शवोत्खननको प्रकृया र प्रगतीको बारेमा निरन्तर जानकारी प्रदान गरिएको थियो ।

## शवोत्खनन् प्रकृया एवं प्राप्त तथ्य एवं प्रमाणहरु

१३. आयोगका अधिकृतहरुको टोलीले २०६७ भाद्र २० गते शव गाडिएको स्थान देख्ने प्रत्यक्षदर्शी तथा स्थानीय मानव अधिकारकर्मी समेतको सहयोग लिई शंकास्पद स्थानको अध्ययन गर्ने एवंम् उत्खनन् कार्यको पूर्व तयारी गर्ने कार्य गरेको थियो । यस क्रममा पीडित परिवार एवम् शव गाडिएको आशंका गरिएको जग्गाधनीलाई समेत शवोत्खननको बारेमा जानकारी गराईएको थियो ।

१४. आयोगको विशेषज्ञ सहितको टोली तथा केन्द्रिय प्रहरी बैज्ञानिक प्रयोगशालाका विशेषज्ञ कर्मचारीहरु एवं जिल्ला प्रहरी कार्यालय धनुषा अन्तर्गतका प्रहरी कर्मचारीहरु समेतको टोलीले २०६७ भाद्र २१ गतेदेखि शव गाडिएको भनी आशंका गरिएको धनुषा जिल्ला तल्लो गोदार गा.वि.स वडा नं.३ स्थित कमला नदीको किनारमा शंकास्पद स्थानको सुपरिवेक्षण गरी नेपाल प्रहरीबाट शंकास्पद स्थानमा कर्डन गरी शवोत्खनन् कार्य शुरु गरेको थियो ।

१५. पाँच वटा शव गाडिएको भनी आशंका गरिएको स्थानमा बैज्ञानिक विधिद्वारा ट्रेन्च बनाई मानव अवशेष खोज्ने कार्य गरिएको थियो । यसक्रममा २०६७ असोज २ गतेसम्म कुल ५८ वटा "ट्रेन्च", ९ वटा "एक्स्टेन्शन" र २ वटा "ब्लक" खनेर आशंकित स्थानमा उत्खनन् गर्ने कार्य भएको छ ।

१६. यस क्रममा उत्खनन् कार्य शुरु भएको तेश्रो दिन (२०६७ भाद्र २३ दिउँसो) पहिलो मानव अवशेष फेला परेको थियो । यसैगरी भाद्र २४ गते दोश्रो, भाद्र २५ गते तेश्रो तथा भाद्र ३१ गते चौथो गरी चार वटा मानव अवशेष फेला परेको छ । शंका गरिएको एकवटा मानव अवशेष हालसम्म पनि फेला पर्न सकेको छैन ।

१७. उत्खनन् गरिएका मध्ये तीन वटा मानव अवशेषमा टाउकोदेखि पैतालासम्मका मानव अवशेषहरु फेला परेका छन् भने एकवटा मानव शरीरमा टाउकोको पूरा भाग पाइएन ।

१८. फेला परेका चारवटै मानव शरीरका अवशेषहरुलाई विषेशज्ञहरुबाट वैज्ञानिक पद्धति अनुसार उत्खनन् गरी मानव अवशेष एवम् प्रमाणहरु बरामद गरिएको छ । उत्खनन्को क्रममा मानव अवशेषसँग सम्बन्धित रहने गरी केही शंकास्पद गोली र गोलीका खोकाहरु समेत फेला परेका छन् ।

१९. शवोत्खनन्बाट प्राप्त मानव अवशेषहरु एवं प्रमाणहरु प्रचलित कानून बमोजिम नेपाल प्रहरीबाट मुचुल्का एवं सिलबन्दी गरी आयोग तथा विशेषज्ञ, पीडित परिवार, स्थानीय बासीहरुको रोहबरमा प्रहरीकै जिम्मामा राखिएको छ ।

२०. हालसम्मको उत्खनन्बाट प्राप्त मानव अवशेषहरु कसका हुन् भन्ने विषयमा प्राप्त मानव अवशेष र प्रमाणहरुको बैज्ञानिक परीक्षण एवं विश्लेषणपछि मात्र अन्तिम निश्कर्ष दिन सकिनेछ । आशंका गरिएको बाँकी एक मानवका अवशेषहरुको खोजिकार्य हाललाई स्थगित गरिएको छ बाँकी उत्खनन् कार्य थप अनुसन्धान गरि गरिनेछ ।

२१. उत्खनन् गरिएका मानव अवशेषहरुको पहिचानको लागि डि.एन.ए. परीक्षण समेत गर्न पर्ने हुन सक्ने भएकोले आवश्यक नमूना संकलन कार्य समेत भएको छ ।

२२. जमिन मुनी प्राप्त अवशेषहरु जे जस्तो अवस्थामा थिए सोही अवस्थामा निकाली प्याक गरी सिलबन्दी समेत लगाइएको हुँदा उक्त अवशेषहरु यथासक्य छिटो प्रयोगशालामा परीक्षण गर्न पठाउनु पर्ने विशेषज्ञहरुको राय रहेको र उक्त परीक्षण विश्लेषण र डिएनए परीक्षण समेत पूरा गर्न केही समय लाग्न सक्नेछ ।

## समन्वय, सहकार्य र कृतज्ञता

शवोत्खनन् कार्यमा नेपाल प्रहरी एवंम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषज्ञहरुको योगदानको आयोग कदर गर्दछ । प्रतिकुल मौसमका बावजुद नेपाल प्रहरीले घटनास्थललाई २४ सै घण्टा सुरक्षा प्रदान गरि शवोत्खनन् कार्यमा महत्वपूर्ण योगदान पुर्‍याएकोमा आयोग हार्दिक धन्यवाद दिन चाहन्छ । यसैगरी उत्खनन् कार्यमा सहयोग पुर्‍याउने सम्पूर्ण मानव अधिकारकर्मीहरु, पत्रकार, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु, उत्खनन् कार्यमा सहयोग पुर्‍याउने स्थानीय श्रमिकहरु एवं स्थानीय बासिन्दाहरुप्रति आयोग आभार व्यक्त गर्दछ । उत्खनन् कार्यमा सवारी साधन लगायत सहयोग पुर्‍याएकोमा राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयलाई धन्यबाद दिन चाहन्छौ । उत्खनन् कार्यमा सहयोग पुर्‍याउनु हुने धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी, अञ्चल प्रहरी कार्यालय जनकपुर, जिल्ला प्रहरी कार्यालय जनकपुर एवम् मातहत प्रहरी कार्यालयका प्रमुख एवम् सहयोग पुर्‍याउने अनुसन्धान अधिकृत, प्रहरी निरीक्षक लगायत सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई आयोग धन्यबाद दिन चाहन्छ । यसैगरी जिल्ला सरकारी वकिलको कार्यालय धनुषा लगायत शवोत्खनन् कार्यमा सहयोग पुर्‍याउने सबैलाई आयोग धन्यबाद दिन चाहन्छ । खास गरी आफ्ना प्रियजनहरु गुमाएको पीडा र सत्य तथा न्यायको निम्ति धैर्य भई शवोत्खनन् कार्यमा सहयोग पुर्‍याउनु हुने पीडित परिवारका सम्पूर्ण सदस्यहरुमा सहयोग र सद्भावको निम्ति आयोग आभार व्यक्त गर्न चाहन्छ । आयोगले मानव अधिकार संरक्षण कार्यमा भविष्यमा पनि सबै पक्षहरुबाट यस्तै प्रकारको सहयोगको अपेक्षा राखेको छ ।

❖